# प्रदेश सभा
# सार्वजनिक लेखा समिति
# बागमती प्रदेश
# हेटौडा, मकवानपुर, नेपाल

सार्वजनिक लेखा समितिको मिति २०७७/०१/३० गते (बिहान ८:०० बजे) को ३९ औं बैठक अन्तर्गत मुख्य न्यायाधिवक्ताको कार्यालयसँग सम्बन्धित महालेखापरीक्षकको बार्षिक प्रतिवेदन २०७५ ले औंल्याएको बेरुजू उपर दफावार छलफल गरी देहाय अनुसार गर्ने निर्णय गरियो।

क) स्वीकृत दरबन्दी अनुसार स्थायी पदपूर्ति गराई कार्यसञ्चालन गरी तत् सम्बन्धी भएको प्रगति यस समितिलाई जानकारी गराउन निर्देशन दिने।

ख) कार्यालय सामान अन्तर्गत फर्निचर, सवारी साधन, कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपी मेसिन लगायतका सामान सोझै खरिद र क्याटलग सपिङ्ग विधिबाट खरिद गरेको पाइएकाले सो सम्बन्धमा अध्ययन गर्न एक उपसमिति गठन गरी, उपसमितिको प्रतिवेदनका आधारमा समितिले आवश्यक निर्णय गर्ने।

ग) आन्तरिक नियन्त्रण व्यवस्थापन तर्फ कार्यालयले कामको प्रकृति अनुसारको नियन्त्रण प्रणाली बनाएर कार्यान्वयनको अवस्थाको सम्बन्धमा समितिलाई जानकारी गराउन निर्देशन दिने।

घ) कानून एवं कार्यविधिमा भएको व्यवस्थाको पालना गरी वित्तीय जवाफदेहिता कायम राख्नु निर्देशन दिने।

ङ) सैद्धान्तिक र प्रक्रियागत बेरुजू फछ्र्यौटको स्थिति यथासक्य छिटो यस समितिलाई जानकारी गराउन निर्देशन दिने।